वर्ष ७, अंक १२ ,चैत


नेपाल प्रहरी
सत्य सेवा सुरक्षणम्

# अपराध अनुसन्धान

## मासिक ई-बुलेटिन








नेपाल प्रहरी प्रधान कार्यालय
अपराध अनुसन्धान विभाग

''वस्तुनिष्ठ अपराध अनुसन्धान मानव अधिकारको सम्मान''

# विषय सूची

**प्रमुख सल्लाहकार**
प्र.ना.म.नि. अरुण पौडेल

**सल्लाहकार**
प्र.व.उ. सानुराम भट्टराई
प्र.व.उ. कृष्ण प्रसाद पंगेनी

**सम्पादक मण्डल**
प्र.ना.उ.रबिन्द्र राज पाण्डे
प्र.नि. केवि गुरूङ
प्र.ना.नि. गणेश बहादुर थिङ

**संकलन**
प्र.स.नि. दुर्गा लक्ष्मी बस्नेत

**ले-आउट/ग्राफिक्स**
प्र.ह. कल्पना राई

| | |
|---|---|
| **विभागीय गतिविधि** | १ - १ |
| **अपराध तथ्याङ्क** | २ - ७ |
| **प्रहरी सेवा प्रवाह** | ८- ११ |
| **खोजतलास तथा समन्वय** | १२ |
| **अपराध अनुसन्धानमा सहायता प्रदान** | १३ - १४ |
| **अपराध समाचार** | १५ -१८ |
| **उत्कृष्ट अनुसन्धान** | १९ |

# विभागीय गतिविधि

## प्रहरी अतिरिक्त महानिरीक्षक कुबेर कडायतज्यूको बिदाई कार्यक्रम सम्पन्न



***काठमाडौं, ४ चैत***

नेपाल प्रहरीमा ३० वर्षे सेवा अवधि पुरा गरी सेवा अवधिको आधारमा अनिवार्य अवकाश भई सेवानिवृत्त हुन लाग्नु भएका अपराध अनुसन्धान विभागका विभागीय प्रमुख श्रीमान् प्रहरी अतिरिक्त महानिरीक्षक कुबेर कडायतज्यूको विदाई कार्यक्रम सम्पन्न भयो। सेवा निवृत भई जान लाग्नु भएका प्रहरी अतिरिक्त महानिरीक्षक कुबेर कडायत ज्यूलाई नेपाल प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभागका प्रहरी नायव महानिरीक्षक अरुण भण्डारीज्यू, प्रहरी नायव महानिरीक्षक उमा प्रसाद चतुर्वेदीज्यू र अरुण पौडेलज्यूले कार्यालयको तर्फबाट खादा तथा मायाको चिनो प्रदान गर्नु भएको थियो। सो अवसरमा विदाई भई जान लाग्नु भएका प्रहरी अतिरिक्त महानिरीक्षक कुबेर कडायतज्यूले आफ्नो तर्फबाट सेवा अवधिमा भोगेका अनुभव, संगठन प्रति गरेको त्याग र मेहनत स्मरण गर्नु हुँदै प्रहरी संगठनले व्यक्तिगत जिवनमा ल्याएको परिवर्तन तथा उपलब्धीहरू वर्णन गर्नु भयो । उक्त कार्यक्रममा प्रहरी नायव महानिरीक्षक ज्यूहरु, सिनियरर प्रहरी अधिकृत ज्यूहरु लगायत अन्य दर्जाका प्रहरी कर्मचारीहरुको समेत उपस्थिति रहेको थियो।


## प्रहरी अतिरिक्त महानिरीक्षक कुबेर कडायतज्यू बाट विभागमा उत्कृष्ट कार्य गर्ने प्रहरी कर्मचारीलाई प्रशंसापत्र प्रदान



***काठमाडौं, ४ चैत***

मिति २०८१।१२।०४ गते नेपाल प्रहरीमा ३० वर्षे सेवा अवधि पुरा गरी सेवा अवधिको आधारमा अनिवार्य अवकाश भई सेवानिवृत्त हुनु भएका अपराध अनुसन्धान विभागका विभागीय प्रमुख श्रीमान् प्रहरी अतिरिक्त महानिरीक्षक कुबेर कडायतज्यूले नेपाल प्रहरी प्रधान कार्यालय अपराध अनुसन्धान विभाग अन्तर्गतका विभिन्न शाखाहरुमा कार्यरत उत्कृष्ट कार्य गर्ने सिनियर प्रहरी अधिकृतज्युहरु लगायत अन्य दर्जाका प्रहरी कर्मचारीहरुलाई प्रशंसापत्र प्रदान गर्नु भयो । प्रशंसापत्र प्राप्त गर्न सफल हुनुभएका प्रहरी कर्मचारीहरुको दर्जागत विवरण निम्नानुसार रहेको छ : प्रहरी नायव महानिरीक्षक १ , प्रहरी उपरीक्षक ३, प्रहरी नायव उपरीक्षक १, प्रहरी निरीक्षक २, प्रहरी वरिष्ठ नायव निरीक्षक २, प्रहरी नायव निरीक्षक ४, प्रहरी वरिष्ठ हवल्दार १ र प्रहरी जवान २ जना हुनुहुन्थ्यो।

## इन्टरपोलबाट रेड नोटिस जारी भएका फरार व्यक्ति पक्राउ





***काठमाडौं, ३१ चैत***


विद्युतीय (ईलेक्ट्रोनिक) कारोवार कसुर मुद्दामा इन्टरपोलबाट रेड नोटिस जारी भएका फरार प्रतिवादी गोरखा, गोरखा नगरपालिका-६ सातधुरे दरबारमार्ग घर भएकी ३० वर्षीया विन्दु परियार पक्राउ परेकी छिन्। एनसिबि काठमाडौंबाट खटिएको प्रहरीले मलेसियाबाट नेपाल आउने क्रममा उनलाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट पक्राउ गरेको हो। विद्युतीय (ईलेक्ट्रोनिक) कारोबार कसुर मुद्दामा संलग्न रही फरार रहेकी उनलाई अन्तर्राष्ट्रिय स्तरमा खोजतलास एवम् पक्राउ गर्नको लागि एनसिबि काठमाडौंको अनुरोधमा इन्टरपोल महासचिवालयबाट २०८० फागुन ७ गते उनी विरूद्ध रेड नोटिस जारी भएको थियो। उनलाई सम्बन्धित कसुर बमोजिम कानूनी कारवाहीको लागि नेपाल प्रहरी प्रधान कार्यालय साइबर ब्यूरो बुझाइएको नेपाल प्रहरी प्रधान कार्यालय इन्टरपोल शाखाले जनाएको छ।

# अपराध तथ्याङ्क


## देशभरको चैत महिनाको अपराध तथ्याङ्क (मुद्दा दर्ता संख्या)





## देशभरको - त्रैमासिक मुद्दा दर्ता संख्या (माघ - चैत)




## देशभर- त्रैमासिक मुद्दा दर्ता र फछ्र्यौट संख्या ( माघ- चैत)





## वार्षिक अपराध तथ्यांक (०७७/०७८ देखि ०८१/०८२ चैत सम्म)




## जघन्य अपराधको मुद्दा दर्ता (आ.व. २०८१।०८२ चैत)





## गम्भीर अपराधको मुद्दा दर्ता (आ.व. २०८१।०८२ चैत)




## सामान्य अपराधको मुद्दा दर्ता संख्या (आ.व. २०८१।०८२ चैत)





## २०८१ चैत महिनामा घरेलु हिंसा सम्बन्धी विवरण



## २०८१ चैत महिनामा जबरजस्ती करणी मुद्दामा पीडित र अभियुक्तको सम्बन्ध विश्लेषण





## २०८१ चैत महिनामा भौगोलिक स्थानको आधारमा जबरजस्ती करणीको घटनास्थल संख्यागत विवरण




## २०८१ चैत महिनाको फैसला कार्यान्वयन तर्फको फरार अभियुक्तको पक्राउ संख्या

| सि.नं. | प्रदेश/उपत्यका/व्यूरोको नाम | कुल पक्राउ संख्या | कैद | असुल जरिवाना (रु.) |
|---|---|---|---|---|
| १. | काठमाण्डौ उपत्यका प्रहरी कार्यालय, रानीपोखरी | ३५३ | ७३ वर्ष २ महिना ० दिन | ५८०८८५०५ |
| २. | कोशी प्रदेश प्रहरी कार्यालय, विराटनगर | २२६ | १२४ वर्ष ३ महिना २६ दिन | ७४७५२५५ |
| ३. | मधेश प्रदेश प्रहरी कार्यालय, जनकपुर | २८० | ६१ वर्ष ३ महिना २८ दिन | ३९५२२६८ |
| ४. | बाग्मती प्रदेश प्रहरी कार्यालय, हेटौडा | ९० | ५९ वर्ष ४ महिना ७ दिन | २११५१२४९ |
| ५. | गण्डकी प्रदेश प्रहरी कार्यालय, पोखरा | ११८ | १५ वर्ष ० महिना १९ दिन | ५४८३१४० |
| ६. | लुम्बिनी प्रदेश प्रहरी कार्यालय, दाङ | ३९९ | १८२ वर्ष १० महिना २१ दिन | ७८७२८३७ |
| ७. | कर्णाली प्रदेश प्रहरी कार्यालय, सुर्खेत | २८ | १५ वर्ष ०२ महिना १० दिन | १३६३५०० |
| ८. | सदरपश्चिम प्रदेश प्रहरी कार्यालय, धनगढी | १०२ | ३३ वर्ष ११ महिना २३ दिन | ९३७७४१ |
| ९. | केन्द्रीय अनुसन्धान व्यूरो, महाराजगञ्ज | १९ | ३१ वर्ष ० महिना ३ दिन | ६७८३८३९३ |
| **जम्मा** | | **१६१५ जना** | **५९६ वर्ष ३ महिना १७ दिन** | **रु. १७,४१,६२,८८७।-** |

## २०८१ चैत महिनाको लागू औषध कारोवारमा संलग्न व्यक्ति पक्राउ तथा मुद्दा संख्या





## २०८१ फागुन र चैत महिनाको लागू औषध कारोवारमा संलग्न व्यक्ति पक्राउ संख्या



# प्रहरी सेवा प्रवाह

## २०८१ चैत महिनामा प्रहरी चारित्रिक प्रमाणपत्रका लागि अपराध अभिलेख चेकजाँच सम्बन्धी संख्या





## २०८१ चैत महिनामा चालचलन शाखाको प्रगती विवरण

| क्र.सं. | विवरण | कार्य विवरण | |
|---|---|---|---|
| | | दर्ता | बितरण |
| १. | Online System मार्फत प्रहरी चारित्रिक प्रमाण पत्र दर्ता/वितरण | १११५१३ | ८४८५७ |
| २. | तालुक गृह मन्त्रालय सीमा तथा अध्यागमन शाखाबाट कार्य सहमतिको लागि तथा स्थानीय प्रशासन तथा प्रदेश समन्वय शाखावाट Security Clearance को लागि प्राप्त | ७ | ७ |
| ३. | अध्यागमन विभाग | ३१९ | २८० |
| ४. | राजदुतावासहरुबाट प्राप्त (अपराधिक अभिलेख) | १२३ | ११६ |
| ५. | औंठाछाप प्रमाणिकरण | ९४ | ९४ |
| | अन्य (रिट निवेदन/उजुरी छानबिन) | २ | २ |
| जम्मा | | ११२०५८ | ८५३५६ |

## सामुदायिक प्रहरी गतिविधि

२०८१ चैत महिनामा सामुदायिक सुरक्षा महाशाखा मातहत देशभरका समुदाय-प्रहरी साझेदारी र सामुदायिक प्रहरी सेवा केन्द्रहरूद्धारा समुदाय-प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत सञ्चालित कार्यक्रम एवम् गतिविधिहरु :
(गृह प्रशासन सुधार कार्ययोजना २०७४, बुँदा नं. १२४ कार्यक्रमहरू)







जेष्ठ नागरीकहरुलाई सम्मान, नव बर्ष २०८२ को शुभकामना आदान प्रदान तथा बार्षिक भित्तेपात्रो बिमोचन कार्यक्रम


# आसरा सुधार केन्द्र रानीबारी

## २०८१ चैत महिनामा लागू औषध सेवनकर्ताहरुको उपचारार्थ संख्या





# आसरा सुधार केन्द्र पानिवरी , धरान सुनसरी

## २०८१ चैत महिनामा लागू औषध सेवनकर्ताहरुको उपचारार्थ संख्या



# आसरा सुधार केन्द्र, फुलवारी धनगढी कैलाली

## २०८१ चैत महिनामा लागू औषध सेवनकर्ताहरुको उपचारार्थ संख्या





## २०८१ चैत महिनामा नेपालमा रहेका विदेशी नागरिकहरुको संख्यात्मक विवरण


| सि.न. | कार्य विवरण | संख्या |
|---|---|---|
| १. | विदेशी नागरिकहरूको मृत्यु | ५ जना |
| २. | विदेशी नागरिकहरूको पक्राउ | ४३ जना |
| ३. | हराएका विदेशी नागरिकहरु | १ जना |
| ४. | नेपालको विभिन्न क्षेत्रमा ट्रेकिङ गएका विदेशी नागरिकहरुको विवरण | २८,९११ जना |
| ५. | विदेशी नागरिकहरु पक्राउ गरी थप कारवाहीका लागि अध्यागमन कार्यालय पठाईएको। | १ जना |

# खोजतलास तथा समन्वय

## २०८१ चैत महिनामा हराएका, फेला परेका तथा खोजतलास भएका बालबालिकाहरुको संख्या




## चैत महिनामा वेवारिसे फेला परेका मध्ये पारिवारिक पुनर्मिलन र बालगृहमा रहेका बालबालिका सम्बन्धी संख्यात्मक विवरण




# अपराध अनुसन्धानमा सहायता प्रदान

## डिजिटल फरेन्सिक ल्याव (Digital Forensic Lab)

- Digital Forensics Lab बाट २०८१ सालको चैत महिनामा बिभिन्न १७ वटा मुद्दा शीर्षक ( चोरी, किर्ते, ज्यान सम्बन्धी कसूर, आत्महत्या दुरुत्साहन, झुण्डी मृत्यु, मानव बेचबिखन तथा ओसार पसार, बिद्युतीय अपराध, जबरजस्ती करणी, कर्तव्य ज्यान, मानिस बेपत्ता, ठगी, संगठित अपराध, बालयौन दुरुपयोग, बैकिङ कसूर, अनलाईन ठगी, जुवा, अभौतिक मुद्रा ) अन्तर्गत ९३ वटा मुद्दाको ४२१ वटा सबुदहरु परीक्षण गरिएको ।

## दूरसंचार समन्वय शाखा (Telecommunication Co-ordination Centre )

- चैत महिनामा अपराध अनुसन्धानको सिलसिलामा विभिन्न प्रहरी इकाईहरु तथा नेपाल प्रहरी प्रदेश कार्यालयहरुबाट माग भई आएका Operational Data हरु दूरसंचार सेवा प्रदायक संस्थाहरुसँग समन्वय गरी निम्नानुसारको संख्यामा सम्बन्धित कार्यालयहरुलाई उपलब्ध गराएको ।




## नेपाल प्रहरी केन्द्रीय विधि विज्ञान प्रयोगशाला (NPCFSL), सामाखुशी

- नेपाल प्रहरी केन्द्रीय विधि विज्ञान प्रयोगशाला सामाखुशी काठमाण्डौबाट **२०८१/१२/०१ गतेदेखि २०८१/१२/३१ गतेसम्म** विभिन्न मुद्दा चल्ने प्रहरी कार्यालयहरुबाट परीक्षणको लागि **५०२** केशहरुको **३१२३** नमूनाहरु प्राप्त भएकोमा नयाँ /पुरानो पेण्डीङ केशहरु समेत गरी **४११** केशहरुको **२४५०** नमूनाहरु परीक्षण गरिएको।
- मिति २०८१/१२/०१ गते देखि २०८१/१२/३१ गते सम्म यस प्रयोगशालाबाट (AFIS) मा **२३७४** DATA Entry भएको।
- **नेपाल प्रहरी प्रदेश कार्यालय, विधि विज्ञान इकाई, धरान, सुनसरीबाट** २०८१/१२/०१ गतेदेखि **२०८१/१२/३१ गतेसम्म** विभिन्न मुद्दा चल्ने प्रहरी कार्यालयहरुबाट परीक्षणको लागि **२३०** केशहरुको **१०३८** नमूनाहरु प्राप्त भएकोमा नयाँ / पुरानो पेण्डीङ केशहरु समेत गरी **२६०** केशहरुको **१०७०** नमूनाहरु परीक्षण गरिएको।
- **नेपाल प्रहरी प्रदेश कार्यालय, विधि विज्ञान इकाई, भैरहवा, रुपन्देही (हाल गणेशमानचोक, नेपालगंज, बाँके) बाट २०८१/१२/०१ गतेदेखि २०८१/१२/३१ गतेसम्म** विभिन्न मुद्दा चल्ने प्रहरी कार्यालयहरुबाट परीक्षणको लागि **६६** केशहरुको **१९५** नमूनाहरु प्राप्त भएकोमा नयाँ / पुरानो पेण्डीङ केशहरु समेत गरी **६५** केशहरुको **१७२** नमूनाहरु परीक्षण गरिएको।

## केनाईन (K9) महाशाखा, महाराजगञ्ज

**२०८१ चैत महिनामा केनाईन परिचालित संख्या**



# अपराध समाचार

## कर्तव्य ज्यान सम्बन्धी

### हत्या गरेको अभियोगमा पक्राउ

***धनुषा, ३ चैत***

जनकपुरधाम उपमहानगरपालिका-२३ बिन्धी बस्ने १८ वर्षीय आँशु यादवको हत्या गरेको अभियोगमा सोही ठाउँ बस्ने २१ वर्षीय धर्मेन्द्र महतोलाई प्रहरीले पक्राउ गरेको छ। धर्मेन्द्रले चक्कु प्रहार गर्दा गम्भीर घाइते भएका आँशुको प्रादेशिक अस्पताल जनकपुरमा उपचारको क्रममा मृत्यु भएको भन्ने खबर प्राप्त हुनासाथ प्रहरी चौकी जिरोमाईलबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

### हत्या गरेको अभियोगमा दुई जना पक्राउ

***भक्तपुर, १२ चैत***

मध्यपुर थिमी नगरपालिका-६ बस्ने ३२ वर्षीय लक्ष्मण खड्काको कुटपिट गरी हत्या गरेको अभियोगमा २ जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा सर्लाही लालबन्दी नगरपालिका-९ घर भएका ३९ वर्षीय यादब पौडेल र सिन्धुली तीनपाटन गाउँपालिका-३ चकमके घर भएका २४ वर्षीय अनिश तामाङ रहेका छन्। मध्यपुर थिमी नगरपालिका-२ सानोठिमी मगरगाउँ जाने सडकको छेउमा गत फागुन २७ गते अचेत अवस्थामा फेला परेका लक्ष्मणको राष्ट्रिय ट्रमा सेन्टर काठमाडौंमा थप उपचारको क्रममा मृत्यु भएको घटनाको अनुसन्धानको क्रममा जिल्ला प्रहरी परिसर भक्तपुरबाट खटिएको प्रहरीले घटनामा संलग्न उनीहरूलाई पक्राउ गरेको हो । उनीहरू उपर कर्तव्य ज्यान मुद्दामा जिल्ला अदालत भक्तपुरबाट ५ दिन म्याद थप अनुमति लिई यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

### हत्यामा संलग्न १६ जना पक्राउ

***काठमाडौं, १३ चैत***

चन्द्रागिरी नगरपालिका-७ बस्ने दोलखा मेलुङ गाउँपालिका-४ घर भएका २३ वर्षीय अभय भन्ने अबे तामाङको हत्या भएको घटनामा संलग्न रहेको अभियोगमा काठमाडौं नागार्जुन नगरपालिका-१० स्युचाटार बस्ने पर्सा सखुवा प्रसौनी गाउँपालिका-१ घर भएका २१ वर्षीय आशिष श्रेष्ठ समेत १६ जनालाई प्रहरीले पक्राउ गरेको छ।

काठमाडौं महानगरपालिका-१४ खड्कागाउँमा दुई समूहबीच पुरानो रिसिईबीलाई लिई झगडा हुँदा आशिष समेतका व्यक्तिहरूले धारिलो हतियार तथा फलामको रडहरू प्रहार गर्दा गम्भीर घाइते भएका तामाङको उपचारको क्रममा मृत्यु भएको घटनाको अनुसन्धानको क्रममा जिल्ला प्रहरी परिसर काठमाडौं समेतबाट खटिएको प्रहरीले घटनामा संलग्न उनीहरूलाई पक्राउ गरेको हो। उनीहरू उपर काठमाडौं जिल्ला अदालतबाट ५ दिन म्याद थप अनुमति लिई यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

### हत्या गरेको अभियोगमा पक्राउ

***काठमाडौं, १४ चैत***

मकवानपुर, आफ्नै जेठी भाउजु ३५ वर्षीया गुड्डी दासको हत्या गरेको अभियोगमा हेटौंडा उपमहानगरपालिका-१ चौकीटोल बस्ने २३ वर्षीय राहुल दासलाई प्रहरीले पक्राउ गरेको छ। राहुलले घरायसी विवादको क्रममा खुकुरी प्रहार गर्दा उनकै माहिलो दाजु २८ वर्षीय रूपेश दास गम्भीर घाइते भएको भन्ने खबर प्राप्त हुनासाथ प्रहरी चौकी चौकीटोलबाट खटिएको प्रहरीले राहुललाई पक्राउ गरेको थियो। थप अनुसन्धानको क्रममा राहुलले रूपेशलाई खुकुरी प्रहार गर्नु भन्दा पहिले नै जेठी भाउजुलाई उनी सुतेको कोठामा खुकुरी प्रहार गरी हत्या गरेको खुल्न आएपछि जिल्ला प्रहरी कार्यालय मकवानपुर समेतबाट खटिएको प्रहरीले गुड्डी दासको शव उनी सुतेकै कोठाबाट फेला परेको हो। साथै खुकुरी प्रहारबाट गम्भीर घाइते भएका रूपेशको सहकारी अस्पताल हेटौंडामा उपचार भइरहेको छ । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## बैकिङ कसूर, चोरी तथा ठगी सम्बन्धी

### बैंकिङ कसुर मुद्दाका फरार प्रतिवादी पक्राउ

***काठमाडौं, २ चैत***

बैंकिङ कसुर मुद्दाका फरार प्रतिवादी दोलखा मेलुङ गाउँपालिका-३ घर भई काठमाडौं महानगरपालिका-६ बस्ने ४९ वर्षीय कुयाङछुयाङ दोर्जे लामालाई प्रहरीले पक्राउ गरेको छ। जिल्ला अदालत काठमाडौंबाट बैंकिङ कसुर मुद्दामा पक्राउ पुर्जी जारी भई फरार रहेका उनलाई काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय टेकुबाट खटिएको प्रहरीले काठमाडौं अनामनगरबाट पक्राउ गरेको हो। उनलाई आवश्यक अनुसन्धान एवम् कारवाहीको लागि प्रहरी वृत्त महाराजगंज पठाइएको छ।

### विभिन्न धनमाल चोरी

***महोत्तरी, ३ चैत***

बलवा नगरपालिका-३ परौल बजारस्थित मनरा शिसवा नगरपालिका-६ सरपल्लो बस्ने अरूण साहको शिवशान्ति ज्वेलर्सबाट २० किलोग्राम चाँदी ,२० तोला सुन र नगद १ लाख ३० हजार रूपैयाँ गरी करिब ७१ लाख ६० हजार रूपैयाँ बराबरको धनमाल चोरी भएको छ। प्रहरीले चोरीमा संलग्न हाल फरार व्यक्तिको खोजी गर्नुका साथै यस सम्बन्धमा आवश्यक अनुसन्धान गरिरहेको छ।

### अमेरिकी डलर र युरो सहित एक जना पक्राउ

***काठमाडौं, ५ चैत***

टोखा नगरपालिका-२ झोरबाट अमेरिकी डलर र युरो गरी नेपाली रूपैयाँमा हुन आउने जम्मा रकम २५ करोड १९ लाख २४ हजार ९ सय ५० रूपैयाँ सहित सिन्धुपाल्चोक भोटेकोशी गाउँपालिका-१ घर भई काठमाडौं गोकर्णेश्वर नगरपालिका-२ बस्ने ४३ वर्षीय फुच्चे भन्ने कुसाङ लामालाई प्रहरीले पक्राउ गरेको छ। विभिन्न व्यक्तिहरूले ठुलो परिमाणमा अमेरिकी डलर, युरो लगायत विभिन्न देशका मुद्राहरू राजश्व छली गरी अवैध रूपमा ओसार पसार तथा कारोवार गर्ने गरेको भन्ने सूचनाको

आधारमा काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय टेकुबाट खटिएको प्रहरीले उक्त स्थानमा ना.७ ख १६५२ नम्बरको ट्रक नियन्त्रणमा लिई तलासी गर्दा ट्रकको ड्राईभर बस्ने क्याविनको माथिल्लो भागमा फल्सबटम बनाई लुकाई छिपाई ल्याएको अमेरिकी डलर १ सय दरका ३ हजार १ सय १९ थान र ५० दरका १ सय ७९ थान तथा युरो ५ सय दरका ११ थान, २ सय दरका ४ सय ८० थान, १ सय दरका ४ हजार १ सय ४८ थान र ५० दरका १७ हजार १ सय ७७ थान फेला पारी चालक लामालाई पक्राउ गरेको हो। अनुसन्धानको क्रममा लामा २०७३ पुस १३ गते ७ केजी सुन सहित पक्राउ परी राजश्व छली सुन चोरी पैठारी मुद्दामा ५ वर्ष कैद भुक्तान गरेको खुल्न आएको छ। उनलाई विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ बमोजिमको कसुरमा थप अनुसन्धान तथा कारवाहीको लागि राजस्व अनुसन्धान विभाग हरिहरभवन पठाइएको छ।

### माल्टा पठाइदिन्छु भन्दै ठगी गर्ने व्यक्ति पक्राउ

***काठमाडौं, ८ चैत***

वैदेशिक रोजगारीमा आकर्षक तलबको प्रलोभनमा पारी माल्टा पठाइदिन्छु भन्दै रकम ठगी गरेको अभियोगमा सुर्खेत वीरेन्द्रनगर नगरपालिका-९ घर भई काठमाडौं बुढानिकलण्ठ नगरपालिका-९ बस्ने ५१ वर्षीय प्रकाश बहादुर सिंहलाई प्रहरीले पक्राउ गरेको छ। सिंहले माल्टा पठाइदिन्छु भन्दै १ जना पीडितबाट ७ लाख ७० हजार रूपैयाँ लिई सम्पर्कविहीन भएको भन्ने पीडितहरूको उजुरीको आधारमा काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय टेकुबाट खटिएको प्रहरीले उनलाई बुढानिकलण्ठ नगरपालिका-६ सरस्वती कोलोनीबाट पक्राउ गरेको हो। उनलाई आवश्यक अनुसन्धान तथा कारवाहीको लागि वैदेशिक रोजगार विभाग ताहाचल काठमाडौं पठाइएको छ।

### विभिन्न धनमाल चोरी

***काठमाडौं, ११ चैत***

काठमाडौं, चन्द्रागिरी नगरपालिका-१२ टयार्चाटोल बस्ने तेजनारायण गैरेको घरबाट नगद १ लाख रूपैयाँ, सुन तथा चाँदीका विभिन्न गरगहना गरी करिब १७ लाख ९९ हजार ८ सय रूपैयाँ बराबरको धनमाल चोरी भएको छ।

### विभिन्न धनमाल चोरी

***काठमाडौं, २५ चैत***

काठमाडौं महानगरपालिका-९ सिनामंगलस्थित टिम्बर ग्रुप अफ ईण्डष्ट्रीको कार्यालयबाट ल्यापटप ३ थान, मोबाइल ३ थान, नगद ४ लाख ६० हजार रूपैयाँ र अन्य सरसामन समेत गरी करिब ११ लाख ९८ हजार रूपैयाँ बराबरको धनमाल चोरी भएको छ। प्रहरीले चोरीमा संलग्न हाल फरार व्यक्तिहरूको खोजी गर्नुका साथै यस सम्बन्धमा आवश्यक अनुसन्धान गरिरहेको छ।

### ठगी मुद्दाका फरार प्रतिवादी पक्राउ

***काठमाडौं, २६ चैत***

ठगी मुद्दाका फरार प्रतिवादी गोकर्णेश्वर नगरपालिका-७ दक्षिणढोका बस्ने सिन्धुपाल्चोक मेलम्ची नगरपालिका-१ भोटेचौर घर भएका ४३ वर्षीय राम कुमार चौलागाईलाई प्रहरीले पक्राउ गरेको छ। चौलागाईले पीडितलाई अरूको प्लटिङ गरेको जग्गा देखाई विभिन्न प्रलोभनमा पारी नगद ४५ लाख ५० हजार रूपैयाँ लिई वैना कागज गरेकोमा उक्त जग्गा मालपोत कार्यालयको अभिलेखमा समेत दर्ता नदेखिएकोले जिल्ला अदालत काठमाडौंबाट चैत २१ गते उक्त मुद्दामा पक्राउ पुर्जी जारी भई फरार रहेका उनलाई काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय टेकुबाट खटिएको प्रहरीले गोकर्णेश्वर नगरपालिका-७ दक्षिणढोकाबाट पक्राउ गरेको हो। साथै उनी विरूद्ध जिल्ला प्रहरी परिसर तथा मातहतका विभिन्न प्रहरी कार्यालयहरूमा ठगी तथा बैंकिङ कसूर सम्बन्धी मुद्दाहरू दर्ता भई फरार रहेको समेत प्रारम्भिक अनुसन्धानको क्रममा खुल्न आएको छ। उनलाई आवश्यक अनुसन्धान तथा कारवाहीको लागि जिल्ला प्रहरी परिसर काठमाडौं पठाइएको छ।

## यौन जन्य अपराध

### जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

***पर्वत, १ चैत***

१३ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा कुश्मा नगरपालिका-३ दुर्लुङ काफलचौर बस्ने २५ वर्षीय अजय बिकलाई प्रहरीले पक्राउ गरेको छ। बिकले ती बालिकालाई जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा जिल्ला प्रहरी कार्यालय पर्वतबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

### जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

***बाँके, ४ चैत***

८ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा बैजनाथ गाउँपालिका-८ पिपिरी बस्ने २५ वर्षीय निम बहादुर बिकलाई प्रहरीले पक्राउ गरेको छ। बिकले ती बालिकालाई डर त्रास देखाई जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा इलाका प्रहरी कार्यालय धनौलीबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

### जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

***बझाङ, ७ चैत***

१३ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा सूर्मा गाउँपालिका-४ घर भई जयपृथ्वी नगरपालिका-९ डेरा गरी बस्ने २१ वर्षीय पवन बोहरालाई प्रहरीले पक्राउ गरेको छ। पवनले ती बालिकालाई जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा जिल्ला प्रहरी कार्यालय बझाङबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

### जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

***काठमाडौं, ११ चैत***

पर्वत, १४ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा जलजला गाउँपालिका-९ बनौ घर भई कुश्मा नगरपालिका-६ राम मन्दिर चोक डेरा गरी बस्ने १९ वर्षीय विजय फगामी मगरलाई प्रहरीले पक्राउ गरेको छ। मगरले ती बालिकालाई गत मंसिर ३ गते जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा जिल्ला प्रहरी कार्यालय पर्वतबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो।

## जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

***स्याङ्जा, १३ चैत***

१३ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा पुतलीबजार नगरपालिका-७ बस्ने २४ वर्षीय सुन्दर गौतमलाई प्रहरीले पक्राउ गरेको छ। सुन्दरले ती बालिकालाई जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा जिल्ला प्रहरी कार्यालय स्याङ्जाबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो। उनी उपर जबरजस्ती करणी मुद्दामा जिल्ला अदालत स्याङ्जाबाट म्याद थप अनुमति लिई यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

***काठमाडौं, १५ चैत***

इलाम, ११ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा इलाम नगरपालिका-४ बरबोटे बस्ने २२ वर्षीय दिपेश नेपालीलाई प्रहरीले पक्राउ गरेको छ। दिपेशले ती बालिकालाई जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा अस्थायी प्रहरी पोष्ट बिब्ल्याटेबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो।

# लागु औषध सम्बन्धी

## करिब ५ सय ४७ किलो गाँजा सहित एक जना पक्राउ

***महोत्तरी, ४ चैत***

बर्दिबास नगरपालिका-३ स्थित सडकबाट अवैध लागूऔषध गाँजा करिब ५ सय ४७ किलोग्राम सहित काठमाडौं टोखा डेरा गरी बस्ने सिन्धुपाल्चोक बाह्रबिसे नगरपालिका-७ घर भएका ३७ वर्षीय सलिन मगरलाई प्रहरीले पक्राउ गरेको छ।इलाका प्रहरी कार्यालय बर्दिबास र लागूऔषध नियन्त्रण ब्यूरो शाखा कार्यालय बर्दिबासबाट खटिएको प्रहरीले सिन्धुलीबाट बर्दिबासतर्फ आउँदै गरेको बा.३ ख ५८३२ नम्बरको मिनिट्रकलाई जाँच गर्ने क्रममा ट्रकको माथी टिनको फल्स बटम बनाई कालो त्रिपालले छोपी लुकाई ल्याएको उक्त परिमाणको गाँजा फेला पारी मिनि ट्रक चालक सलिनलाई प्रहरीले पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## नियन्त्रित लागूऔषध सहित दुई जना पक्राउ

***धनकुटा, ५ चैत***

धनकुटा नगरपालिका-७ जिरोप्वाईन्टबाट नियन्त्रित लागूऔषध ट्रामाडोल २ सय ५ क्याप्सुल, स्पास्मो १ सय २५ क्याप्सुल र स्पास्पेन २० ट्याब्लेट सहित सोही ठाउँ बस्ने २१ वर्षीय रविन राई समेत २ जनालाई प्रहरीले पक्राउ गरेको छ।जिल्ला प्रहरी कार्यालय धनकुटाबाट खटिएको प्रहरीले रविनको घर तलासी गर्ने क्रममा उक्त लागूऔषध फेला पारी दुबै जनालाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## करिब ४ सय ७७ किलो गाँजा सहित एक जना पक्राउ

***धनुषा, ९ चैत***

लक्ष्मिनीया गाउँपालिका-७ लक्ष्मिनीया चोकबाट अवैध लागूऔषध गाँजा करिब ४ सय ७७ किलो ७४ ग्राम सहित मकवानपुर घर भएका २४ वर्षीय संजिब स्याङ्तानलाई प्रहरीले पक्राउ गरेको छ।जिल्ला प्रहरी कार्यालय धनुषा र लागूऔषध नियन्त्रण ब्यूरो शाखा कार्यालय बर्दिबासबाट खटिएको संयुक्त टोलीले जनकपुरबाट ढल्केवरतर्फ जाँदै गरेको म.प्र.०३-००२ ख २५२० नम्बरको मिनी ट्रकलाई जाँच गर्ने क्रममा ट्रकभित्र ३४ वटा पोकामा रहेको उक्त परिमाणको गाँजा फेला पारी चालक स्याङ्तानलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## नियन्त्रित लागूऔषध सहित दुई जना पक्राउ

***मकवानपुर, ११ चैत***

हेटौंडा उपमहानगरपालिका-१५ रातोमाटेबाट नियन्त्रित लागूऔषध नाइट्राभेट ५ सय ७० ट्याब्लेट सहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा सर्लाही हरिपुर नगरपालिका-२ बस्ने २६ वर्षीय राजेश तामाङ र कास्की पोखरा महानगरपालिका-१९ बस्ने २० वर्षीय निर्मल ढुङ्गेल रहेका छन्। प्रहरी चौकी रातोमाटेबाट खटिएको प्रहरीले ग.१२ प ४९७८ नम्बरको मोटरसाइकलमा सवार उनीहरूलाई उक्त लागूऔषध सहित पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## करिब १ सय ५० किलो गाँजा सहित चार जना पक्राउ

***बारा, १३ चैत***

जीतपुरसिमरा उपमहानगरपालिका-४ औराहाबाट अवैध लागूऔषध गाँजा करिब १ सय ५० किलोग्राम सहित ४ जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा सोही उपमहानगरपालिका-२२ चक्री टोल बस्ने ४२ वर्षीय बुद्ध घला, सोही उपमहानगरपालिका-८ बस्ने ३६ वर्षीय नन्दकिशोर सहनी ,२८ वर्षीय बिर बहादुर डम्वा र मकवानपुर हेटौंडा उपमहानगरपालिका-१५ रातोमाटे बस्ने २७ वर्षीय सोमलाल पाख्रीन रहेका छन्। इलाका प्रहरी कार्यालय सिमरा र लागूऔषध नियन्त्रण ब्यूरो शाखा कार्यालय वीरगंजबाट खटिएको प्रहरीले उनीहरूलाई उक्त परिमाणको गाँजा सहित पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## करिब १ सय ५ किलो गाँजा सहित अटो चालक पक्राउ

***धनकुटा, १४ चैत***

सहिदभूमी गाउँपालिका-१ सेती चोकबाट अवैध लागूऔषध गाँजा करिब १ सय ५ किलोग्राम सहित सोही ठाउँ बस्ने २५ वर्षीय अभिषेक विकलाई प्रहरीले पक्राउ गरेको छ। इलाका प्रहरी कार्यालय छिन्ताङबाट खटिएको प्रहरीले को.१ ह ९१३३ नम्बरको अटोलाई जाँच गर्ने क्रममा उक्त गाँजा फेला पारी चालक अभिषेकलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## अवैध लागूऔषध गाँजा सहित दुई जना पक्राउ

***काठमाडौं, १५ चैत***

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको आगमन भन्सार एरियाबाट अवैध लागूऔषध गाँजा जस्तो देखिने वस्तु करिब ५ किलोग्राम सहित २ जना भारतीय नागरिक पक्राउ परेका छन्। पक्राउ पर्नेहरूमा मुम्बई ठेगाना भएका २५ वर्षीय Mohammad Anwar Mohammad Bakar Mirza र ५० वर्षीया Raziabano Sayed रहेका छन्। थाइ एयरको उडानद्वारा बैङ्ककबाट काठमाडौं आएका उनीहरूलाई विमानस्थलको आगमन भन्सार एरियामा एक्सरे मेसिनद्वारा स्क्रिनिङ गर्ने क्रममा उनीहरूको साथमा रहेको सुटकेशबाट उक्त बस्तु फेला परेको हो। उनीहरूलाई आवश्यक अनुसन्धान एवम् कारवाहीको लागि लागूऔषध नियन्त्रण ब्यूरो पठाइएको छ।

### करिब ८ सय ९१ किलो अवैध लागूऔषध गाँजा बरामद

***उदयपुर, १७ चैत***

बेलका नगरपालिका-६ असारे मूर्ति खोलाको किनारस्थित बनमारा झाडीबाट अवैध लागूऔषध गाँजा करिब ८ सय ९१ किलो ४ सय २३ ग्राम प्रहरीले बरामद गरेको छ ।इलाका प्रहरी कार्यालय रामपुर ठोक्सिल, सशस्त्र प्रहरी बल नेपाल बेश क्याम डुडखोला तथा राष्ट्रिय अनुसन्धान कार्यालय रामपुर ठोक्सिलाबाट खटिएको संयुक्त टोलीले उक्त परिमाणको गाँजा फेला पारी बरामद गरेको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

### अवैध लागूऔषध सहित पक्राउ

***उदयपुर, २९ चैत***

काठमाडौं, त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट अवैध लागूऔषध गाँजा करिब २६ किलो १० ग्राम सहित २ जना पक्राउ परेका छन् । पक्राउ पर्नेहरूमा भारतीय नागरिक ३१ वर्षीय RAM KUMAR र ३८ वर्षीय PADINHER CHANDYPURAYJL रहेका छन् । थाई एयरको उडानद्वारा बैंकक हुँदै काठमाडौं आएका उनीहरूलाई जाँच गर्ने क्रममा RAM KUMAR लाई ११ किलो २ सय ८५ ग्राम र PADINHER लाई १४ किलो ७ सय २५ ग्राम उक्त गाँजा सहित फेला पारी पक्राउ गरेको हो ।

## अन्य अपराध

### इराक पुऱ्याई मानवबेचबिखन गरेको अभियोगमा पक्राउ

***काठमाडौं, ४ चैत***

घरेलु काममा आकर्षक तलबको प्रलोभन देखाई इराक पुऱ्याई मानवबेचबिखन गरेको अभियोगमा नुवाकोट तारकेश्वर गाउँपालिका-५ घर भएका ३४ वर्षीय हिरा तामाङलाई प्रहरीले पक्राउ गरेको छ । मानवबेचबिखन अनुसन्धान ब्यूरो बबरमहलबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो । हिरा तामाङ समेतले इराकमा घरेलु काममा आकर्षक तलबको प्रलोभन देखाई दुवई हुँदै इराकमा पुऱ्याई विभिन्न व्यक्तिहरूको घरमा पठाई चरम श्रम शोषण गरी शारीरिक यातना समेत दिई बन्धक बनाएको प्रारम्भिक अनुसन्धानको क्रममा खुल्न आएको छ । उनी उपर मानवबेचबिखन तथा ओसार पसार मुद्दामा जिल्ला अदालत काठमाडौंबाट ५ दिन म्याद थप अनुमति लिई यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

### विद्युतीय कारोबार ऐन बमोजिम कसुर गर्ने दुई जना पक्राउ

***काठमाडौं, ११ चैत***

विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन, २०६३ बमोजिम कसुर गर्ने कार्यमा संलग्न रहेको अभियोगमा २ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा मोरङ रंगेली नगरपालिका-७ घर भई काठमाडौं तारकेश्वर नगरपालिका-९ बस्ने ४५ वर्षीय बिकाश भारती र गोरखा अजिरकोट गाउँपालिका-३ घर भई काठमाडौं तारकेश्वर नगरपालिका-४ बस्ने ३७ वर्षीय बाबुराम अधिकारी रहेका छन् । बुद्ध एयरको हवाई टिकट खरिद बिक्रीको लागि अनलाईन कम्प्युटर प्रणालीमा अनाधिकृत रूपमा पहुँच पुऱ्याई अवैध लाभ लिने कार्यमा संलग्न उनीहरूलाई काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय टेकुबाट खटिएको प्रहरीले काठमाडौं महानगरपालिका-९ गौशाला बत्तिसपुतलीबाट पक्राउ गरेको हो । उनीहरूलाई विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन, २०६३ अन्तर्गतको कसुरमा आवश्यक अनुसन्धान तथा कारवाहीको लागि जिल्ला प्रहरी परिसर काठमाडौं पठाइएको छ ।

### तीन थान भरूवा बन्दुक बरामद

***रूकुम पूर्व, १५ चैत***

भुमे गाउँपालिका-३ झिङवाङ खोला नजिकबाट भरूवा बन्दुक ३ थान प्रहरीले बरामद गरेको छ । जिल्ला प्रहरी कार्यालय रूकुम पूर्वबाट खटिएको प्रहरीले खोला नजिक लुकाई छिपाई राखिएको उक्त बन्दुक फेला पारी बरामद गरेको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

### सालकको खपेटा सहित एक जना पक्राउ

***काठमाडौं, १० चैत***

चन्द्रागिरी नगरपालिका-४ पानीघाटबाट सालकको खपेटा जस्तो देखिने बस्तु ८ थान, नङ्ग्रा १ थान, दुम्सीको काँडा जस्तो देखिने बस्तु ३ थान, नगद ५२ हजार रूपैयाँ र मोबाइल १ थान सहित दोलखा शैलुङ गाउँपालिका-६ घर भएका ३२ वर्षीय सुवास तामाङलाई प्रहरीले पक्राउ गरेको छ । प्रहरी वृत्त थानकोटबाट खटिएको प्रहरीले मकवानपुरको चित्लाङबाट काठमाडौं थानकोटतर्फ आउँदै गरेका उनलाई उक्त खपेटा सहित फेला पारी पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

### कटुवा पेस्तोल सहित एक जना पक्राउ

***पर्सा, २७ चैत***

सखुवाप्रसौनी गाउँपालिका-६ एकडर्वा बस्ने ६० वर्षीय बिरेन्द्र यादवलाई कटुवा पेस्टोल १ थान र गोली ३ थान सहित प्रहरीले पक्राउ गरेको छ । प्रहरी चौकी महुवनबाट खटिएको प्रहरीले उनलाई उक्त पेस्तोल सहित पक्राउ गरेको हो । साथै प्रहरीले उनले प्रयोग गरेको ना.२३ प ४८७७ नम्बरको मोटरसाइकल समेत बरामद गरेको छ । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

### स्रोत नखुलेको रकम सहित पक्राउ

***मोरङ, २६ चैत***

विराटनगर महानगरपालिका-९ महेन्द्र चोकबाट स्रोत नखुलेको नगद ७ लाख १५ हजार रूपैयाँ सहित सोही महानगरपालिका-१५ बस्ने २४ वर्षीय रोहित कुमार साहलाई प्रहरीले पक्राउ गरेको छ । जिल्ला प्रहरी कार्यालय मोरङबाट खटिएको प्रहरीले उनलाई उक्त नगद सहित फेला पारी पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

### मानव बेचबिखन तथा ओसारपसार मुद्दाका फरार प्रतिवादी पक्राउ

***काठमाडौं, २७ चैत***

मानव बेचबिखन तथा ओसारपसार मुद्दाका फरार प्रतिवादी गोरखा, गोरखा नगरपालिका-११ घर भएका २१ वर्षीय निरज ढकाललाई प्रहरीले पक्राउ गरेको छ । जिल्ला अदालत काठमाडौंको गत मंसिर ५ गतेको फैसलाले उक्त मुद्दामा ५ वर्ष कैद सजाय र नगद २५ हजार रूपैयाँ जरिवाना ठहर भई फरार रहेका उनलाई मानव बेचबिखन ब्यूरो बबरमहलबाट खटिएको प्रहरीले जिल्ला प्रहरी कार्यालय गोरखासँगको समन्वयमा गोरखा, गोरखा नगरपालिका-११ बाट पक्राउ गरेको हो । उनलाई फैसला कार्यान्वयनको लागि जिल्ला अदालत काठमाडौंमा पेश गरिएकोमा अदालतको आदेशले कैद भुक्तानको लागि कारागार कार्यालय डिल्लीबजार पठाइएको छ ।

# उत्कृष्ट अनुसन्धान

## मुद्दा शीर्षक – कर्तब्य ज्यान

मिति २०८१।११।२९ गते बिहानको अं. ०७:३० वजेको समयमा जिल्ला धनकुटा छथरजोरपाटी गाँउपालिका वडा नं. २ सल्ले चौतारा स्थितमा जाहेरवालाको छोरा वर्ष ३८ को परिवर्तित नाम N-४(०८१/८२) लाई लाठी मुंग्राले शरिरको बिभिन्न भागमा प्रहार गरी कुटपिट गरी सोही कुटपिटको कारण निज जाहेरवाला परिवर्तित नाम N-५(०८१/८२) को छोरा वर्ष ३८ को परिवर्तित नाम N-४(०८१/८२) लाई कानूनको बिवादमा परेको वालक परिवर्तित नाम -N(०८१/८२) समेतले कुटपिट गरी कर्तब्य गरी मारेको हुँदा प्रतिवादीहरु परिवर्तित नाम N-२(०८१/८२) तथा सोही कसुरमा संलग्न रहेका अन्य प्रतिवादीहरु रोशन भन्ने चेतुलाल पिठाकोटे मगर, दाछिरी शेर्पा, खैरे/सुवास भन्ने ईन्द्र वहादुर तामाङ समेत लाई कानून वमोजिम हदै सम्मको सजाय गरी पाउ भन्ने मिति २०८१।१२।०१ गतेको जाहेरी दरखास्त प्राप्त भई प्रतिवादीहरु परिवर्तित नाम N- २ (०८१।८२),) ईन्द्र बहादुर तामाङ, रोशन भन्ने चेतुलाल पिठाकोटे मगर, दाछिरी शेर्पाहरुले धरौटी बापतको रकम राख्न नसकेको हुँदा पूर्पक्षको लागी धनकुटा कारागार पठाईएको र परिवर्तित नाम N (०८१।८२) लाई पूर्पक्षको लागी मिति २०८१।१२। २१ गते बाल सुधार गृह बिराटनगर पठाईएको।

## मुद्दा शिर्षक -ज्यान सम्बन्धी कसूर

मिति २०८१/१/२४ गते दिउँसो २:०० बजेको समयमा जिल्ला कपिलवस्तु नगरपालिका वार्ड नं. ५ बस्ने राम प्रसाद धोबीसँग काम गर्न हेण्ड पाइप पानी खाने धारा गाड्ने कार्यको लागि बोलाई लगेका हुन। बिपक्षीहरु सँग मेरो छोराहरुले केही भनाभन गरेको कुरा सुनी थाहा पाएको तर बहिरा भन्ने विरेन्द्र कुर्मीले आँपको पटराले टाउकोमा हानी नाँकबाट ब्लड आएको देखेर राम प्रसाद धोबीले निज माथि १ बाल्टी भरी पानी खसाली दिई ब्लड सफा भई औषधी उपचार गराउने बहानामा सेमरहवा चोकमा ल्याई पिपलको रुखको तला फाली दिई मरणासन्न रहेको अवस्थामा मानिसहरुले देखेपछि कुरा थाहा पाई राम प्रसाद धोबीले आफु बच्न मृतक बालजी कोरीको श्रीमतीलाई रक्सी खुवाई तेरो पति लोग्ने मरणासन्न अवस्थामा छ त्यहाँ लगि तत्कालै कसैलाई थाहा नदिई तौलिहवा अस्पतालमा ल्याई त्यहाँबाट रिफर गरेपछि सबै घर परिवारलाई थाहा पाई म जाहेरवाली आमाले सम्पूर्ण कुरा पत्ता लगाउँदै जाँदा पत्ता लागेको र खिडणी प्रसाद कोरी समेतको जानकारी रहे भएको स्पष्ट छ। विपक्षी राम प्रसाद धोबी मुख्य अभियोगकर्ता भएको षड्यन्त्रकारी भएको कुटपिट गराउनु षड्यन्त्रष खिडणीले गराई बिरेन्द्र कुर्मीले पटराले हानी घाइते बनाई हात खुट्टा उचाल्न नपाउने गरी मरणासन्न अवस्थामा कपिलवस्तु नगरपालिका वार्ड नं. २ सेमरहवा चोकको पिपलको बोट मुनि राखि भागी गएका हुन। मुख्य अभियुक्त राम प्रसाद धोबी र बिरेन्द्र कुर्मी चौधरी समेत रहेकोले विपक्षीहरुलाई कर्तव्यबाट ज्यान मारेकोले मुलुकी अपराध संहिता २०७४ को दफा १७८,१७९ नम्बर बमोजिम विपक्षीहरुलाई कारवाही गरी पाउँ भन्ने फुला कोरीको मिति २०८१।०३।१७ गतेको जाहेरी दरखास्त प्राप्त भई मिति २०८१।१२।१४ गतेको सम्मानित कपिलवस्तु जिल्ला अदालतको आदेशले निज प्रतिवादीहरु राम प्रसाद धोवी र विरेन्द्र चौधरी पूर्पक्षको लागि कपिलवस्तु कारागार चलान भएको।

## मुद्दा शीर्षक -ज्यान सम्बन्धी कसूर (कर्तव्य ज्यान)

मिति २०८१।१०।०७ गते अं. ०१:०० बजेको समयमा जिल्ला महोत्तरी सम्सी गा.पा. वडा नं. ०१ मरदर टोल स्थितमा म जाहेरवालाको भाई अं. वर्ष २९ को ज्ञानी भन्ने नरेन्द्र कुमार यादवलाई कुटपिट तथा हत्या गरी जिल्ला महोत्तरी सम्सी गा.पा. वडा नं.१ बस्ने महेन्द्र कुर्मी नुनियाको गहुँ खेतमा फाली रहेको अबस्थामा फेला पारेको हुँदा मृतक लाशलाई कानून बमोजिम जे जो गर्नु पर्ने हो गरी घटनामा संलग्न व्यक्तिहरु पत्ता लगाई कानून बमोजिम कारवाही गरी पाउँ भन्ने समेत व्यहोराको शैलेन्द्र कुमार यादवको जाहेरी दरखास्त प्राप्त भई मिति २०८१।१२।०८ पक्राउ प्रतिवादीहरु पूर्पक्षको लागी कारागार चलान भएको।

## मुद्दा शीर्षक – बालयौन दुरुपयोग

मिति २०८१।१२।०५ गते रातको अन्दाजी २२;५० बजेको समयमा जिल्ला धादिङ गजुरी गाँउपालिका वडा नं.३ गदालबेशी स्थित मेरो आफ्नै घर-गोठको धन्सारमा प्रतिवादी मेरो माईलो भाई परिवर्तित नाम जिल्ला २४ गजुरी (६६) ०८१/०८२ ले मेरी छोरी बर्ष-११ की परिवर्तित नाम जिल्ला २४ गजुरी (६२) ०८१/०८२ को संबेदनशिल अंग स्तन समाती छोरीले लगाएको सुरुवाल खोल्ने प्रयास गरी वालयौन दुरुपयोग गरेको हुँदा निज प्रतिवादी परिवर्तित नाम जिल्ला २४ गजुरी (६६) ०८१/०८२ लाई पक्राउ गरी हदैसम्मको कानूनी कारबाही गरीपाँउ भन्ने समेत ब्यहोराको परिवर्तित नाम जिल्ला २४ गजुरी (६३) ०८१/०८२ को जाहेरी दरखास्त प्राप्त भई सम्मानित जिल्ला अदालतले मिति २०८१।१२।२२ गते रु. ५१,०००/- धरौटीमा छुट्ने आदेश भएकोमा तिर्न नसकी कारागार चलान भएको।

## मुद्दा शीर्षक – जबरजस्ती करणी

मिति २०८१।१२।०६ गतेको दिन म जाहेरवालको छोरी कुन्ता भन्ने स्थानमा गई सच्चाईको प्रार्थनाबाट घरमा आउने लाग्दा उल्लेखित प्रतिवादी सिताराम वि.क.ले म जाहेरवालाको छोरी नबालिका वर्ष १६ की परिवर्तित नाम २०८१।०८२ नयाँगाउँ-१ (ख) लाई ललाई फकाई विवाह गर्छु भनि विश्वासमा पारी काभ्रेपलाञ्चोकको साँगा भन्ने स्थान, बोलाई सो स्थानबाट जिल्ला सिन्धुपाल्चोक सुकुटे स्थित लगि ललाई फकाई डर त्रास देखाई रातीको अं.२३;०० बजेको समयमा जबर्जस्ती छोरीले लगाएको कपडा खोली निज प्रतिवादीले लगाएको कपडा समेत खोली जबरजस्ती करणी गरेको भनि निज नाबालिका छोरीले रुदै म जाहेरवालालाई बताएको हुँदा निज प्रतिवादीलाई प्रक्राउ गरी कानुन बमोजिम हदै सम्मको कारबाही गरी पाउँ भन्ने व्यहोराको २०८१।०८२ नयाँगाँउ-१ (क) ले दिएको जाहेरी दरखास्त प्राप्त भई मिति २०८१।१२।२८ गते सम्मानित जिल्ला अदालत सिन्धुपाल्चोकको पत्रादेशानुसार निज प्रतिवादीलाई पूर्पक्षको लागी कारागार चलान गरिएको।

## मुद्दा शीर्षक – जबरजस्ती करणी

मिति २०८१।११।२७ गते राती अं.११:०० बजेको समयमा जिल्ला काभ्रेपलाञ्चोक बनेपा न.पा.वडा नं. ०७ गोदामचोक स्थितमा जिल्ला सिन्धुपाल्चोक जुगज गा.पा.वडा नं. ०१ सेलाङ बस्ने बर्ष २० को रामकृष्ण बि.क.ले मेरो नावालिका छोरी हाल नाम परीवर्तित आ.व. २०८१/०८२ जिल्ला ३० महादेवटार (ख) लाई ललाई फकाई दिदीको घरमा बस्ने भनि लगि रातीको अं. ११:०० बजेको समयमा छोरीले लगाएको पाईन्ट र टिसर्ट खोली छोरीलाई जवरजस्ती करणी गरी सो कुरा कोही कसैलाई नभन्नु भनि डर त्रास देखाएको भनि छोरीले बताए पछि सो घटनाको वारेमा थाहा पाएको हुँदा निज रामकृष्ण बि.क. लाई खोजतलास एवं पक्राउ गरी कानून बमोजिम कारवाही गरी पाउँ भन्ने समेत व्यहोराको पीडितको वुवा आ.व. २०८१/०८२ जिल्ला ३० महादेवटार (क) ले दिएको जाहेरी दरखास्त प्राप्त भई सम्मानित काभ्रेपलाञ्चोक जिल्ला अदालत धुलिखेल, काभ्रेपलाञ्चोकको च.नं.६१६७ मिति २०८१।१२।२८ गतेको थुनछेक पत्रानुसार पक्राउ प्रतिवादी रामकृष्ण वि.क.लाई पूर्पक्षको लागि थुनामा राख्न कारागार कार्यालय धुलिखेल, काभ्रेपलाञ्चोक चलान गरिएको।

# अपराध अनुसन्धान विभाग
# नागरिक सूचना इकाई द्वारा प्रकाशित
# मासिक ई- बुलेटिन

सत्य सेवा सुरक्षणम्

**नेपाल प्रहरी प्रधान कार्यालय**
**अपराध अनुसन्धान विभाग**
**नक्साल काठमाडौं**